


PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ जेठ ०५ गते बिहीवार // मृत भस्म नबन्दैमा भ्भिल्को भैकन बल्नुछ // 2022 May 19 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६०

## २१ वर्षीय वशिष्ठ बने कालिकामाई गापाको अध्यक्ष

प्रस, वीरगंज, ४ जेठ/

पर्साको कालिकामाई गाउँपालिकाको अध्यक्षको कार्यभार २१ वर्षीय वशिष्ठकुमार कलवारले सम्हाल्ने भएका छन् । यही उमेर समूह भएपछि मात्र नेपालको संविधान अनुसार उम्मेदवार हुन पाइन्छ र उनी सम्भवतः नेपालको इतिहासमा पहिलो कान्छो पालिका अध्यक्ष बनेका छन् ।



जसपाबाट टिकट पाएर गापा अध्यक्षमा कलवारले आफ्ना निकटतम प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका अजय कुमारलाई ११४ मतान्तरले पराजित गर्दै अध्यक्ष बनेका छन् । कलवारले तीन हजार ७१९ मत ल्याएर विजयी भए भने अजयले तीन हजार ६०५ मत ल्याएका थिए । कालिकामाई गापाको उपाध्यक्षमा नेकाकी राजमती बरैनी विजयी भएकी छन् । उनले तीन हजार ९६१ मत ल्याएर विजयी भइन् भने उनकी प्रतिद्वन्द्वी जसपाकी सहानी खातुनले तीन हजार ८३४ मत ल्याइन् ।

कालिकामाई गापाको वडा नं १ मा जसपाका लालबाबू राउत बरै एक हजार ४१८ मत, वडा नं २ मा एमालेका सोनालालप्रसाद चौरसिया ५७२ मत, वडा नं ३ मा जसपाका सञ्जयकुमार पटेल ६५० मत, वडा नं ४ मा काङ्ग्रेसका सञ्जयकुमार साह ७६९ मत र वडा नं ५ मा जसपाका जयनारायणप्रसाद कुर्मीले ७६६ मत ल्याएर वडाध्यक्षमा विजयी भएका छन् ।

## जीराभवानीमा नेपाली काङ्ग्रेसको बहुमतसहित जीत

ओमप्रकाश चौधरी, सेढवा, ४ जेठ/

जीराभवानी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा नेपाली काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन् ।

नेकाबाट गापा अध्यक्षका उम्मेदवार अनोज चौधरी र उपाध्यक्षमा रेखा चौधरी निर्वाचित भएका छन् । अनोजले एमालेबाट विजयी निवर्तमान अध्यक्ष रामप्रीत महतो कोइरीलाई पराजित गरेका हुन् । अनोजले चार हजार ५६० मत पाएका थिए भने रामप्रीतले तीन हजार २९९ मत पाएका थिए । यसैगरी, उपाध्यक्ष पदमा पनि एमालेबाट निवर्तमान उपाध्यक्ष उषादेवी थरुनीलाई नेकाकी रेखा चौधरीले पराजित गरिन् । रेखाले चार हजार ७१० मत पाएकी छन् भने उषाले दुई हजार ९६५ मत पाएकी छन् ।


अनोज चौधरी


दारा सिंह राउत थारू


रेखा चौधरी

यसैगरी, बुधवार वडा नं ५ को अध्यक्षमा नेकाका दारा सिंह राउत थारू निर्वाचित भएका छन् । माओवादी केन्द्रका रामाकान्तप्रसाद चौधरीलाई ७८ मतान्तरले पराजित गरेर थारू विजयी भएका हुन् । थारूले ८६८ मत पाएका थिए भने चौधरीले ७९० मत प्राप्त गरेका थिए ।

योसँगै जीराभवानी गापाको मतगणना कार्य सकिएको छ । अन्तिम मतगणना परिणाम अनुसार अध्यक्ष, उपाध्यक्ष र तीनवटा वडाध्यक्ष पद नेकाले जितेको छ भने दुईवटा वडा एमालेले जितेको छ ।

## पर्सागढी नपा प्रमुख, उपप्रमुखमा एमाले विजयी


विजयी प्रत्याशी गोकर्ण पाठक (नगरप्रमुख) र पूजा चौधरी (उपप्रमुख)

बलिराम शुक्ला, बिरुवागुठी, ४ जेठ/

पर्सागढी नगरपालिकाको प्रमुख र उपप्रमुखमा नेकपा एमालेका उम्मेदवार विजय भएका छन् ।

नेकपा एमालेका गोकर्ण पाठक नगरप्रमुखमा र पूजा चौधरी उपप्रमुखमा विजयी भएका छन् । प्रमुखमा पाठकले छ हजार ६२४ मत ल्याए भने उनका निकटतम प्रतिद्वन्द्वी निवर्तमान नगरप्रमुख नेकाका लोकनारायण यादवले तीन हजार ७३३ मत ल्याएका थिए । लगभग दोब्बरी मतान्तरले पाठक नगरप्रमुखमा निर्वाचित भएका छन् । उपप्रमुखमा पनि एमालेकी पूजा चौधरीले निवर्तमान उपप्रमुख नेकाकी अर्चना चौधरीलाई दोब्बरी मतान्तरले नै पराजित गरिन् । पूजाले सात हजार ६१६ मत पाइन् भने अर्चनाले तीन हजार ४३० मत पाएकी छन् । पर्सागढी नपाका बाँकी वडाहरूको पनि आजै परिणाम सार्वजनिक भएको छ । वडा नं ४ मा जसपाका शेख खुर्सेद, वडा नं ९ मा सोही पार्टीका रामबढाई प्रसाद यादव र वडा नं ८ मा नेकाकी सुन्दरीदेवी थरुनी विजयी भएका छन् । यसअघि छवटा वडाका अध्यक्षहरू निर्वाचित भएको सार्वजनिक भइसकेको र आजबाट मतगणनाको सम्पूर्ण कार्य सकिएको निर्वाचन अधिकृत केशव पौडेलले बताए ।

## ठोरी गापामा एमालेको बहुमत, अध्यक्ष/उपाध्यक्ष र तीन वडाध्यक्ष विजयी

प्रस, ठोरी, ४ जेठ/

ठोरी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा एमालेका लालबहादुर श्रेष्ठ र गोकुलीकुमारी रेग्मी विजयी भएका छन् ।

बुधवार घोषित मतपरिणाम अनुसार एमालेबाट अध्यक्षका उम्मेदवार श्रेष्ठले नेकपा माओवादी केन्द्रका उम्मेदवार निवर्तमान अध्यक्ष पद्मलाल श्रेष्ठलाई ७२० मतान्तरले पराजित गरेका हुन् । निर्वाचित एमालेका लालबहादुर श्रेष्ठले चार हजार ४९ मत पाए भने माओवादी केन्द्रका श्रेष्ठले तीन हजार ३२९ मत पाए ।

यसैगरी, गापा उपाध्यक्षमा एमालेकी गोकुलीकुमारी रेग्मी विजयी भइन् । उनले चार हजार २५९ मत पाइन् भने उपाध्यक्षमा माओवादी केन्द्रकी निरु तामाङले तीन हजार ४३ मत पाएको





गोकुलीकुमारी रेग्मी


लालबहादुर श्रेष्ठ

निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । ठोरीको पाँचवटै वडामा एमालेको बहुमत आएको छ ।

वडा नं २ मा नेकाका अमृतकृष्ण सापकोटा र वडा नं ५ मा माओवादी केन्द्रका अष्टबहादुर लोप्चनबाहेक वडा नं १, ३ र ४ मा एमालेका धनमान तनमाङ, राम खड्का र मानबहादुर थिङ विजयी भएका छन् ।

## वीरगंजको प्रमुखमा सिंह र उपप्रमुखमा आलम अगाडि

प्रस, वीरगंज, ४ जेठ/

वीरगंज महानगरपालिकामा सत्तारूढ पाँच दलीय गठबन्धनबाट नगरप्रमुखमा जसपाका उम्मेदवार राजेशमान सिंह र उपप्रमुखमा नेपाली काङ्ग्रेसका इम्तियाज आलमले बुधवार मतगणनाको पाँचौं दिन पनि अग्रता कायम राखेका छन् । प्रमुखका उम्मेदवार जसपाका सिंहले एमाले-लोसपा गठबन्धनबाट नगरप्रमुखका उम्मेदवार विजयकुमार सरावगीभन्दा करीब छ हजार ८७५ मतले अग्रता कायम राखेका छन् । मतगणना अद्यावधिक अनुसार महानगरपालिकाको वडा नं १, २, ३, ४, ५, ६, ७, २७, २८, २९, ३०, ३१ र ३२ को मतगणना भइरहेकामा सिंहले १३ हजार ८७८ मत ल्याएका छन् भने एमालेका सरावगीले सात हजार तीन मत ल्याएका छन् ।


राजेशमान सिंह


इम्तियाज आलम

वीरगंजका निवर्तमान प्रमुख सरावगीले २०७८ फागुन २८ गते जसपा परित्याग गरी एमाले प्रवेश गरेका थिए । सिंह भने लोसपा परित्याग गरी एमाले प्रवेशको घोषणा गरे पनि सरावगी एमालेमा प्रवेश गरेपछि २०७८ चैत २ गते जसपा प्रवेश गरेका थिए । अहिले महानगरमा सत्तारूढ पाँच दलीय गठबन्धनबाट जसपाका उम्मेदवार सिंहको अवस्था मजबूत हुँदै गएको छ । यसो त गत स्थानीय निर्वाचनमा तत्कालीन राजपाबाट नगरप्रमुखमा चुनाव लडेका सिंहले शुरूमा यसैगरी चार/पाँच हजारले अग्रता बनाएका थिए । तर पछि जसपाका सरावगीले उनलाई तेस्रो स्थानमा पारी निर्वाचित भएका थिए । अहिले नगरप्रमुखमा दुईजना मात्र मुख्य प्रतिस्पर्धी रहेकाले अहिलेसम्म यसैको जीत हुन्छ भन्ने ठोकुवा गर्ने अवस्था छैन । किनभने ९४ हजार ५२४ मत खसेकामा अहिले २५ हजार मत पनि गणना भएको छैन ।


वीरगंज महानगरको प्रमुखमा राप्रपाका उम्मेदवार गिरीश गिरीले ४२२ मत पाएका छन् ।

### पोखरियाको गणना अन्तिम चरणमा

प्रस, पोखरिया/

पोखरिया नगरपालिकामा पाँचवटा वडाको टुङ्गो लागिसकेको छ भने दुईवटा वडाको मतगणना अन्तिम चरणमा छ । बुधवार साँझसम्म १३ हजार ४८३ मत गणना हुँदा प्रमुखमा नेकपा एमालेका उम्मेदवार प्रद्युम्न चौहानले चार हजार ३७१ र उपप्रमुख रुवि ठाकुरले चार हजार २७४ मत प्राप्त गरेका छन् । नेपाल सुशासन पार्टीका उम्मेदवार शङ्कर राउत अहिरले दुई हजार ६११ र उपप्रमुख विना देवीले एक हजार ९२६ मत प्राप्त गरेका छन् । नेपाली काङ्ग्रेसका उम्मेदवार तथा निवर्तमान नगरप्रमुख दीपनारायण रौनियारले दुई हजार ५६८ र उपप्रमुख रहाना खातुनले तीन हजार १९ मत प्राप्त गरेका छन् ।


तस्वीरः फाइल



### क्षमाप्रार्थी छौं

यस दैनिकको बुधवार जेठ ४ गतेको प्रथम पृष्ठमा पोखरिया नपाको प्रमुखमा चौहान र उपप्रमुखमा रुवि ठाकुर विजयी समाचार भूलवश प्रकाशन हुन भएकोमा क्षमाप्रार्थी छौं । सो ठाउँमा मतगणना जारी रहेको जानकारी गराउँदछौं ।

–सम्पादक

## विचारसार एवं सूक्तिहरू

**युवा छँदा वृद्धको सम्मान गर, शक्तिसम्पन्न छँदा निर्बलको सहायता गर, आफ्नो गलती स्वीकार गर। किनभने कुनै दिन तिमी पनि वृद्ध, कमजोर र गलत हुनेछौ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# बढ्दो रक्तचापका बिमारी

**मई १७ लाई विश्व उच्च रक्तचाप दिवसको रूपमा मनाइन्छ। यी अन्तर्राष्ट्रिय दिवसहरू कुनै रोग वा विषयबारे मानिसलाई सम्झना रहोस्, त्यसप्रति मानिसले गर्ने व्यवहार र प्रतिकार गर्ने सजगता आओस् भन्नु नै यस्ता दिवसहरूको अभीष्ट हो। आज वर्षैंभरि कुनै न कुनै दिवस मनाइन्छ। तर मानिस आफ्नो कर्तव्य वा दिवससम्बद्ध विषयप्रति कति सजग र सचेष्ट छ, त्यसविना दिवस मनाउनुको औचित्य पूरा हुँदैन। नेपालजस्तो सानो मुलुक जसको जनसङ्ख्या पुग नपुग तीन लाख छ, ४५ लाख मानिस उच्च रक्तचापबाट पीडित छन्। तर १० लाख मानिसलाई मात्र आफूलाई उच्च रक्तचाप भएको ज्ञान छ र त्यसमध्ये पनि चार लाखले मात्र नियमित स्वास्थ्य परीक्षण र औषधि सेवन गर्दछन्। यस पछाडिको मनोविज्ञान हाम्रो पुरातन सोच र नियमित औषधि खानुपर्ने झन्झट मात्र रहेको देखिन्छ। उच्च रक्तचाप, मधुमेह, मुटुरोग, मिर्गौलासम्बन्धी रोग, हाडजोर्नीको दुखाइ वयजन्य तथा जीवनभर चलिरहने रोग हुन्। पुरातन मान्यता अनुसार आफ्नो दुर्बलता, ऋण खाएको र रोग अरूलाई बताउनुहुँदैन। एकचोटी खान थालेपछि यी रोगका औषधि आजीवन खाइरहनुपर्छ भन्ने कुराले मानिस रोग लुकाउँछन्। रोगले मानिसलाई कमजोर देखाउँछ, पैसा खर्च हुन्छ भन्ने नानाभाँति वैयक्तिक दुर्बलताले रोगीहरूको सङ्ख्या बढ्दो क्रममा छ।**

**रोग आवश्यकीय जैविक प्रक्रिया हो। रोग जसलाई पनि हुन्छ। रोगले मानिसको क्रियाशक्ति घटाउँछ र दुर्बल बनाउँछ। रोगले च्याप्तै लगेर मानिसले अन्तिम समयमा दुःखजिलो जीवन बाँच्नुपर्ने र जीवनावधि पहिले नै अन्तिम सास फेर्नुपर्छ। तर पनि रुढिग्रस्त मानसिकता र पैसाको लोभले मानिसले रोग पालिरहेन्छ। हुनत आजको लोककल्याणकारी राज्यको अवधारणा पलाइरहेको बेला सरकारहरूले पनि आफ्नो दायित्व अन्तर्गत स्वास्थ्य सेवा सकभर निश्शुल्क, कम किफायती, अशक्त वा ज्येष्ठ नागरिकको लागि स्वास्थ्य बीमालगायत योजनाहरू अघि सारेर काम गरिरहेको छ। यो भिन्न कुरा हो कि सरकारको योजना अनुसार काम भइरहेको छैन, सम्पूर्ण सरकारी सुविधाको उपभोग नागरिकले गर्न पाइरहेको छैन। तर यो दायित्व सरकारमाथि बढ्दै जाने अवश्यम्भावी छ। यसर्थ सरकारले पनि कडा नियम कार्यान्वयनको नीति लिएर अगाडि बढेन भने भोलि सरकारको अधिकतम प्रतिशत ढुकुटी स्वास्थ्य सेवामा खर्च हुने दिन नआउला भन्न सकिन्न। यसले सरकार र नागरिक दुवैलाई घाटा हुन्छ। सरकारले बढी स्वास्थ्य दायित्व निर्वाह गर्नुपर्छ भने नागरिकले अनाहक सास्ती सहनुपर्छ वा समय पहिले काल-दण्ड भोग्नुपर्छ।**

**त्यसैले भनिएको छ-उपचारभन्दा परहेज राम्रो। रोगबाट परहेज गर्नुपर्छ। रोग लाग्नै दिनुहुँदैन, लागेको छ भने तुरुन्त उपचार गराउनुपर्छ। समयमैं सतर्क भएर उपचार गराइयो भने दीर्घरोगहरू पनि निको भएको देखिएको छ। वा औषधि सेवनले, दीर्घरोग लागे तापनि मानिसले पूर्ण आयु बाँचेको छ। रोग लाग्नै नदिनु कसरी सम्भव छ ? यसका लागि हामीले आफ्नो खानपान, आहारविहारमा ध्यान दिनुपर्छ। दीर्घ उमेर भएका व्यक्तिले रोग लागेपछि होइन, नियमित र खास समय-अन्तरालमा स्वास्थ्य परीक्षण गराइराख्नुपर्छ। सरकारले पनि आज खानपानमा देखिएको जटिलता र खाद्य पदार्थको मिसावट, कीटनाशकको बढ्दो प्रयोगप्रति शून्य सहनशील बन्नुपर्छ।**

# चुनावको सेरोफेरोमा सामाजिक सञ्जालको प्रयोग

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**सामाजिक सञ्जालमा उम्मेदवारलाई गाली गर्ने र प्रशंसा गर्ने प्रवृत्ति देखिएको कुरालाई कसैले अस्वीकार गर्न सक्दैन। कसैले प्रशंसामा पोस्ट गरेका छन् भने त्यसमा कमेन्ट गर्नेहरूले नकारात्मक वा सकारात्मक जे पनि लेखेको पाइन्थ्यो।**

अहिले गाउँदेखि शहरसम्म सामाजिक सञ्जाल, फेसबूक निकै सक्रिय छ। फेसबूकपछि ह्वाट्सएप सक्रिय देखिन्छ। ह्वाट्सएप समूहमा पनि चुनावी सक्रियता धेरै देखिएको छ। मुख्यगरी सामाजिक सञ्जालमा अत्यधिक सक्रिय देखिएको चुनावी माहौल फेसबूकको वाल तथा म्यासेन्जर र म्यासेन्जर ग्रुपमा देखियो।

चुनावको लागि उम्मेदवारले मनोनयन पत्र दाखिला गर्नुभन्दा पहिले कसलाई उम्मेदवार बनाउने वा को लोकप्रिय छ भन्ने कुरा धेरै उचालेको थियो। कतिपयको हुर्मत पनि लिएको थियो भने कतिपय अवस्थामा सामाजिक सञ्जालले कुनै व्यक्तिप्रति सर्वसाधारणको धारणा बुझ्ने काम गरेको थियो। रौतहटको गरुडा नगरपालिकामा उपमेयर पदको लागि पूनम चौधरीलाई सामाजिक सञ्जालमा प्रस्ताव आउँदा यति धेरै सकारात्मक प्रतिक्रियाहरू आएका थिए कि त्यही सामाजिक सञ्जालले गर्दा उम्मेदवार बनिन्। सबैतिरबाट जसरी उत्साहपूर्वक सपोर्टको कुरो आएको थियो, त्यसले धेरै सहयोग गऱ्यो। मनोनयन पत्र दाखिला गर्नु अघि कतिपयले स्वाभाविक वा कतिपयले प्रायोजितरूपमा सामाजिक सञ्जालमा उम्मेदवार बनाउने तथा उम्मेदवारबारे सामाजिक धारणा बुझ्ने काम गरेको थियो। सामाजिक सञ्जालले यस अर्थमा चुनावको लागि सकारात्मक वातावरण बनाउन निकै सजिलो बनाएको थियो।

कसले कहिले मनोनयनपत्र दर्ता गराउँदै छ, को-कोसित मिलेर उम्मेदवार बन्दैछन्, को कुन पार्टीमा थिए र अब कुन पार्टीमा गएजस्ता कुरा थाहा पाउने मुख्य आधार नै सामाजिक सञ्जाल हुन गएको थियो। यद्यपि सामाजिक सञ्जालमा आएको कुरालाई जस्ताको त्यस्तै विश्वास गरिहाल्ने अवस्था भने छैन। कतै फेक आइडी बनाएर त्यसो गरिएको वा गराइएको हो कि भन्ने आशङ्का सामाजिक सञ्जालका प्रयोगकर्तामा निरन्तर रहन्छ, हो पनि। रौतहट सदरमुकाम गौरमा मेयर पदका उम्मेदवार शम्भुसाह कानूले आफ्नो नाममा कैयौं फेक आइडी बनाएर चलाउने गरेको पाइएको र थाहा भएका कतिपय यस्ता आइडीलाई सम्बन्धित निकायमा जानकारी गराएर ब्लक गर्न लगाएको पनि सामाजिक सञ्जालमा नै सार्वजनिक भएको छ। यसरी सामाजिक सञ्जालको चुनावी प्रयोग सकारात्मक तथा नकारात्मक दुवै क्षेत्रमा व्यापक भयो।

चुनावका लागि उम्मेदवार बनेको दृश्य सामाजिक सञ्जालले सबैभन्दा बढी सार्वजनिक गरेको हुनुपर्छ। अनलाइनमा समाचार लेखेर पोस्ट गर्नुभन्दा फेसबूकमा जहाँको तहीं पोस्ट भइहाल्थ्यो। हात हातमा मोबाइल भएको बेला टेलिभिजनको बूता पनि सेलाएको पाइयो। तत्काल पोस्ट भएको सामग्री हेर्नुभन्दा कसैले भोलि प्रकाशन हुने अखबार किन पर्खिरहन्छ। यसकारण मनोनयन दर्ताको दिन सबैभन्दा बढी सक्रिय सामाजिक सञ्जाल रहेको देखियो। एउटा पोस्ट एक छिन पनि टिक्न नपाउँदै हराउँथ्यो। अर्को तुरून्त आइहाल्थ्यो। साँच्चीकै यति धेरै पोस्ट भयो कि नगरपालिकाको मेयर वा गाउँपालिकाको अध्यक्षभन्दा अन्य पदमा कसले मनोनयन दर्ता गरायो, हेर्ने फुर्सद नै कसैलाई भएन। बढी मात्रामा मानिसको अनुहार, मानिसहरूमा पनि सबैभन्दा बढी मेयर वा अध्यक्षको अनुहारले सामाजिक सञ्जाल भरिएको थियो। मनोनयनपत्र दर्ताको दिन त सबै पार्टीलाई आफू बलियो छु भन्ने देखाउने आधार प्रस्तुत गर्नु थियो, यसले गर्दा जुलूसको नाममा मानिसको हुजुम ल्याइयो।

मनोनयन दर्तापछि सामाजिक सञ्जालले खुब चुनाव प्रचार गऱ्यो। यसमा पनि सर्वसाधारणको पहुँचमा रहेको फेसबूकले नै ठूलो भूमिका खेलेको छ। फेसबूकका अनेक आइडी बनाएर एकै मानिसले अनेक नामबाट प्रचार गरेको देखियो। यत्तिसम्म देखियो कि एकै मानिसले अनेक व्यक्तिबाट प्रभावित भई आफ्नो एउटा आइडीबाट अमुक उम्मेदवार, अर्को आइडीबाट फलानो उम्मेदवार र झन् अर्को आइडीबाट तेस्रो उम्मेदवारको पक्षमा निरन्तर सकारात्मक सन्देश प्रवाह गरिरह्यो अर्थात् प्रचार गरिरह्यो। एउटै मानिस एउटा फेसबूकबाट एकजनाको प्रशंसा गर्ने र सोही मानिस अर्को फेसबूकबाट पहिले प्रशंसा गरेको मानिसकै बदख्वाइँ गरेको देखियो। अझ एक कदम अगाडि बढेर यसपटक उम्मेदवारहरूले पनि फेसबूकलाई प्रचारको माध्यम बनाए। अधिकांश उम्मेदवारले सामाजिक सञ्जाललाई आफ्नो पक्षमा ल्याउने प्रयास गरेको पनि देखियो। यसले गर्दा फेसबूक चुनाव प्रचारको माध्यम हुन गएको र यसरी प्रचार गरेबापत कतिले उम्मेदवारसित पैसा लिएको पनि देखियो।

सामाजिक सञ्जालमा उम्मेदवारलाई गाली गर्ने र प्रशंसा गर्ने प्रवृत्ति देखिएको कुरालाई कसैले अस्वीकार गर्न सक्दैन। कसैले प्रशंसामा पोस्ट गरेका छन् भने त्यसमा कमेन्ट गर्नेहरूले नकारात्मक वा सकारात्मक जे पनि लेखेको पाइन्थ्यो। अझ कतिपय पोस्टमा त बिल्कुलै असान्दर्भिक कमेन्टसमेत लेखिएको पाइन्थ्यो। नक्कली आइडीबाट पोस्ट गर्दा जथाभावी सामग्री हालेर कतिपय उम्मेदवारको विरोधमा माहौल सिर्जना गरेको पनि पाइयो। यद्यपि सामाजिक सञ्जालको कुरो सर्वसाधारणले कति पत्यायो, त्यो अनुसन्धानले बताउला तर सामाजिक सञ्जालका मानिसले जानकारी वा मनोरञ्जनको लागि वा आत्माभिव्यक्तिको तत्कालीन प्रकाशनको लागि पोस्ट वा कमेन्ट गरेका मात्र हुन्। सर्वसाधारण मतदातालाई सामाजिक सञ्जालले खासै झुक्याउन सकेको देखिएन किनभने सामाजिक सञ्जालमा प्रशंसाका जति गीत गाइए पनि तिनले हार खानुपरेको र सामाजिक सञ्जालमा जतिसुकै प्रायोजित नकारात्मक टिप्पणी भए पनि तिनले चुनाव जितेका उदाहरण यत्रतत्र भेटिएका छन्।

चुनावको दिन पनि फेसबूकले धेरै महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। कसैले कसैलाई भोट खसालेको वा छाप हानेको फोटो खासै सार्वजनिक भएको देखिएन तर मतपत्र हातमा लिएको वा मतपत्रमा छाप लगाइसकेपछि मतपत्र मतपेटिकामा खसाउँदै गरेको फोटो टाढैबाट खिच्न लगाएको र त्यसलाई नै पोस्ट गरेको देखियो। मुख्यतः सेलिब्रिटीहरूले यस प्रकार मतदान गरेको र अरूलाई पनि मतदान गर्न प्रोत्साहित गर्ने कार्य भएको देखिएको थियो। सर्वसाधारणले पनि मतदानको दिन आफू लाइनमा लागेको, औंलामा मसी लगाएको, मतपत्र खसालेपछि मतदान केन्द्रमा उभिएको, मतदान केन्द्रमा पुगेको, मतदान केन्द्रमा सर्वसाधारण लाइनमा लागेको, कोही बूढो वा अपाङ्गले मतदान गरेको फोटाहरू सार्वजनिक गरेका थिए। यसैगरी कहाँ मतदानको अवस्था कस्तो छ, मतदानको बेला कहाँ धेरै घाम लाग्यो, कहाँ हल्का पानी पऱ्यो, कहाँ विवाद भयो, कहाँको मतदान रोकियो, कहाँ फेरि मतदान हुन लाग्यो, कहाँ कति प्रतिशत मतदान सकियो, कहाँ कस्तो मतदान भयोजस्ता सामग्री भरपूर प्रयोग गरेको देखियो।

सबैभन्दा बढी ठूलो क्रान्ति त मतगणनाको अवधिमा भएको छ। पहिले मतगणना हुँदा सबैले थाहा पाउने माध्यम मतगणनामा सामेल मानिस हुन्थे। मानिस मतगणना स्थल वरिपरि झुम्मिइरहन्थे। यस पालि मतगणना स्थलमा मानिसको उपस्थिति खासै देखिएन। यसको एउटा कारण त वैशाख-जेठ महीनाको गर्मी र अर्को सामाजिक सञ्जाल नै हो। मतगणना स्थलबाट तुरून्तातुरुन्तै कसैको माध्यमबाट सामाजिक सञ्जालमा मतगणनाको परिणाम पुगिहाल्ने र सो परिणाम सामाजिक सञ्जालमा सार्वजनिक हुनासाथ सबैतिर पुगिहाल्थ्यो। अहिले मतगणनाको परिणाम सार्वजनिक हुँदा मानिस रेडियो, एफएम, टेलिभिजन वा अनलाइनको भर परेका छैनन्। फेसबूक खोलेर हेर्छन्। फेसबूकको माध्यमबाट चाँडोभन्दा चाँडो सूचना पाउन धेरै उत्सुक र स्वभाव मिल्नेहरूले एउटा समूह बनाएर एक-एक सूचना समूहमार्फत प्राप्त गरिरहेका छन्। यसरी सामाजिक सञ्जालले वर्तमान चुनावमा धेरै हदसम्म सहयोगीको भूमिका निर्वाह गऱ्यो। चुनावमा सामाजिक सञ्जालको यस्तो प्रयोग सम्भवतः उत्कर्षकाल हुनुपर्छ। यद्यपि धेरैले के आकलन गरेका छन् भने सामाजिक सञ्जालको उपयोगभन्दा दुरुपयोग बढी भएको छ र सामाजिक सञ्जालको उपयोगको आदर्श दिन अझै आउन बाँकी छ।

# महानगरका दुईवटा वडामा अध्यक्षहरू दोहोरिए

प्रस, वीरगंज, ४ जेठ/

वीरगंज महानगरपालिका वडा नं ४ र ५ को नतीजा सार्वजनिक भएको छ।

मङ्गलवार राति ११ बजे वडा नं ४ को वडाध्यक्षमा दोस्रो कार्यकालको लागि नेपाली काङ्ग्रेसका जगतप्रसाद साह कानू विजयी भए भने बुधवार दिउँसो वडा नं ५ का प्रदीप चौरसिया दोस्रोपटक निर्वाचित भए।

चौरसिया एमालेबाट निर्वाचित भएका हुन्। गत स्थानीय तहको निर्वाचनमा उनी तत्कालीन राजपाबाट निर्वाचित भएका थिए। चौरसियासहित सो वडाका सदस्यहरूमा एमालेका चारैजना उम्मेदवार निर्वाचित भएका छन्।

यसैगरी, वडा नं ४ का कानू भने नेपाली काङ्ग्रेसबाट गत र यसपटक पनि निर्वाचित भएका हुन्।

वडाध्यक्षमा कानूसहित नेकाका चारैजना सदस्यले जीत हासिल गरेको वीरगंजका मुख्य निर्वाचन अधिकृत धर्मराज पौडेलले जानकारी दिए। बुधवार महानगरका सातवटा वडाको निर्वाचन परिणाम सार्वजनिक भएको छ।

वडा नं १, २, ४, ५, ३०, ३१ र ३२ गरी अहिलेसम्म सातवटा वडामा एमाले, काङ्ग्रेस दुई/दुई वटा सिट र जसपाले तीनवटा सिटमा जित हात पारेको छ।

बुधवार ३, ६, ७, २७, २८ र २९ को मतगणना भइरहेको निर्वाचन अधिकृत पौडेलले बताए।



प्रदीप चौरसिया



जगतप्रसादसाह कानू



मदन चौहान



मञ्जु देवी

## धोबिनीमा गापा अध्यक्षमा जसपाका चौहान विजयी

प्रस, पोखरिया, ४ जेठ/

धोबिनी गाउँपालिकाको अध्यक्षमा जसपाका उम्मेदवार मदन चौहान विजयी भएका छन्। उनी आफ्ना प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका वशिष्ठनारायण कुर्मीलाई २० मतान्तरले पराजित गर्दै गापा अध्यक्ष बनेका हुन्। उनले तीन हजार ९१ मत ल्याएर विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी नेकाका वशिष्ठनारायण कुर्मीले तीन हजार ७१ मत ल्याएका थिए।

गापा उपाध्यक्षमा भने नेकाकी मञ्जु देवी विजयी भइन्। उनले तीन हजार

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# १५ मतदान केन्द्रमा मतदान सम्पन्न

काठमाडौं, ५ जेठ/रासस

गत वैशाख ३० गते स्थगन भई निर्वाचन हुन बाँकीमध्ये विभिन्न जिल्लाका



व्यास नगरपालिका–८ रिस्तीस्थित गाविस भवन फेदीमा भएको पुनः मतदानपश्चात् मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ल्याउँदै। तस्वीरः रासस

स्थानीय तहका १५ मतदान केन्द्रमा बुधवार शान्तिपूर्णरूपमा मतदान सम्पन्न भएको छ। राजनीतिक दल, उम्मेदवार र अन्य पक्षको विवादका कारण स्थगन भएका १७ जिल्ला, २८ स्थानीय तह र ४४ मतदान स्थलका ८५ मतदान केन्द्रमध्ये निर्वाचनको नयाँ मिति तोकिने र निर्वाचन हुने क्रममा आज ती मतदान केन्द्रमा निर्वाचन सम्पन्न भएको हो।

निर्वाचन आयोगमा रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी)का अनुसार आज मतदान सम्पन्न भएकामा बारा र रौतहटका मात्रै १३ मतदान केन्द्र रहेका छन्।

रौतहटको गरुडा नगरपालिका–७, बौधीमाई नगरपालिका–१, २ र ९, गढीमाई नगरपालिका–३ र ६, यमुनामाई गाउँपालिका–१ र २, देवानी गोनाही नगरपालिका–२, फतुवाविजयपुर नगरपालिका–७, बाराको पचरौता नगरपालिका–२ र ४, हुम्लाको चङ्खेली गाउँपालिका–२ र तनहुँको व्यास नगरपालिका–४ का एक/एक मतदान केन्द्रमा निर्वाचन सम्पन्न भएको थियो। हुम्लाको चङ्खेलीमा साँझ ५ बजेसम्म मतदान केन्द्रको हातामा प्रवेश गरेका मतदातालाई साँझ अबेरसम्म मतदानमा सहभागी गराइएको थियो।

स्थगन भएकामध्ये अछामको साँफेबगर नगरपालिका–१३ मा यही जेठ ६ गतेका लागि निर्वाचन तय भएको छ भने उदयपुरको त्रियुगा नगरपालिका–१२ र बाजुराको बूढीगङ्गा नगरपालिका–१ देखि १० सम्म र बूढीनन्दा नगरपालिका–८ मा मतदानबारे निर्णय हुन बाँकी रहेको छ।

# जनकपुरधाममा स्वतन्त्र उम्मेदवारको अग्रता बढ्दै

जनकपुर, ४ जेठ/रासस

मधेस प्रदेशको राजधानीसमेत रहेको जनकपुरधाम उपमहानगरपालिकामा



नगरप्रमुखमा स्वतन्त्र उम्मेदवार मनोज साह

स्वतन्त्र उम्मेदवारले आफ्नो अग्रतालाई फराकिलो बनाउँदै लगेका छन्। त्यहाँ पाँच दलीय गठबन्धनका तर्फबाट नगरप्रमुखका साझा उम्मेदवार पाँचौं स्थानमा छन्।

गठबन्धनका तर्फबाट नगरप्रमुखका साझा उम्मेदवार जनता समाजवादी पार्टीका लालकिशोर साहको मतपरिणाम निराशाजनक देखिएको हो।

नगरप्रमुखमा स्वतन्त्र उम्मेदवार मनोज साहले तीन हजार ९५६ मतका साथ अग्रता बनाउँदा निवर्तमान नगरप्रमुखसमेत रहेका गठबन्धनका उम्मेदवार लालकिशोर ४२९ मत ल्याएर पाँचौं स्थानमा छन्।

उनीभन्दा अगाडि एमालेका शिवशङ्कर साह दुई हजार ८६ मतका साथ दोस्रो, स्वतन्त्र उम्मेदवार बलराम महतो एक हजार ११३ मतका साथ तेस्रो र लोसपाका मनोज चौधरी ७३१ मत प्राप्त गरी चौथो स्थानमा छन्।

गठबन्धनका तर्फबाट प्रमुखका उम्मेदवारको मतपरिणाम निराशाजनक देखिए पनि गठबन्धनका तर्फबाट उपप्रमुखका उम्मेदवार बनेका काङ्ग्रेसका किशोरी साहले भन्ने शुरूदेखि नै अग्रता कायम राखेका छन्। उनले तीन हजार ४४२ मत प्राप्त गरी अग्रता कायम राखेका छन् भने एमालेका रूना झाले एक हजार ७३७ मतका साथ उनलाई पछ्याइरहेकी छन्।

कुल २५ वटा वडा रहेको जनकपुरधाम उपमहानगरपालिकाको हालसम्म सातवटा वडाको मतगणना सम्पन्न भएको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए। उनका अनुसार वडा नं १ को वडाध्यक्षमा काङ्ग्रेसका दीपनारायण यादव (देवु), वडा नं २ मा काङ्ग्रेसकै शिवकुमार साह, वडा नं ३ मा लोसपाका दीपेन्द्रकुमार साह, वडा नं ४ मा काङ्ग्रेसका सुरेश झा, वडा नं ५ मा एमालेका बेचन साह हलुवाइ, वडा नं ६ मा काङ्ग्रेसका दिनेश्वर साह र वडा नं २५ को वडाध्यक्षमा काङ्ग्रेसकै चन्देश्वर साह विजयी भएका छन्। अन्य वडाको मतगणना कार्य भइरहेको मुख्य निर्वाचन अधिकृत प्याकुरेलले बताए।

# प्रतिनिधिसभा : आर्थिक विकास र सन्तुलित वितरणमा जोड

काठमाडौं, ५ जेठ/रासस

प्रतिनिधिसभा बैठकमा आव २०७९/८० को विनियोजन विधेयकमा



नेकाका प्रमुख सचेतक पुष्पा भुसाल।

समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथिको छलफल जारी छ।

सदनमा बुधवार पहिलो दिनको छलफलमा भाग लिंदै सांसदहरूले सन्तुलित विकास र आर्थिक वितरणमा जोड दिएका छन्। उनीहरूले कृषि ऊर्जा, पर्यटनलगायत क्षेत्रलाई प्राथमिकता दिनुपर्ने सुझाव राख्दै मुलुकलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ डोर्‍याउने खालको बजेटको आवश्यकता औंल्याए।

उनीहरूले बजेट निर्माण गर्दा साझा धारणाका साथ बनाउनुपर्नेमा जोड दिएका छन्। विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा आज १७ जना सांसदले भाग लिएका थिए।

मङ्गलवार सदनमा पेश गरिएको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामा अर्थमन्त्री जनार्दन शर्माले वित्तीय अनुशासन कायम गर्ने, आर्थिक तथा प्राविधिक हिसाबले सम्भाव्य देखिएका आयोजनामा मात्र बजेट प्रस्ताव गर्ने, अनुत्पादक क्षेत्रमा सरकारी खर्च कटौती गरी मितव्ययिता कायम गरिने कुरा उल्लेख गरेका छन्।

सरकारले सामाजिक न्याय, ग्रामीण विकासलाई केन्द्रमा राखेर आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने तयारी गरेको छ।

समाजवाद उन्मुख अर्थतन्त्र निर्माणलाई प्राथमिकतामा राखेर सरकारले विदेशिएका युवालाई देशभित्रै रोजगार तथा कृषिको उत्पादन वृद्धि गर्ने लक्ष्यलाई पनि बजेटको केन्द्रमा राख्ने विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा समावेश छन्।

उक्त सिद्धान्त र प्राथमिकतामाथि बिहीवार पनि प्रतिनिधिसभामा छलफल जारी रहनेछ भने राष्ट्रियसभामा छलफल प्रारम्भ हुनेछ। बैठकमा सत्तारूढ दल नेपाली काङ्ग्रेसका सचेतक पुष्पा भुसाल गौतमले कृषि उत्पादन वृद्धि गर्दै ग्रामीण विकास, ऊर्जा, पर्यटनका क्षेत्रमा बजेटले महत्त्वपूर्ण फड्को मार्ने विश्वास व्यक्त गरे।

सबै क्षेत्रमा सन्तुलित विकास र आर्थिक वितरण हुनुपर्नेमा जोड दिँदै उनले उपत्यकाभित्र पनि गरीब, दलित तथा पिछडिएका वर्गका समुदाय छन्, उनीहरूलाई पनि बजेटले सम्बोधन गर्नुपर्नेमा जोड दिए।

"मुलुक धनी हुनेगरी बजेट तर्जुमा गर्नुपर्छ, हामीसँग धेरै सम्भावना छ," उनले भने, "महिलाको योगदानलाई समेत मूल्याङ्कन गर्न र सुत्केरी भत्ता, पोषण, स्वास्थ्य बीमा, छात्रामा सेनिटरी प्याड निश्शुल्क गर्नेगरी बजेटमा सम्बोधन गरियोस्।"

बैठकमा सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र)का सांसद हरिबोल गजुरेलले विकासका सन्दर्भमा राजनीतिक दलका नेताबीच छलफल आवश्यक रहे पनि यस्तो अभ्यास नेपालमा नहुनु दुःखद हो भने। उनले बजेटका विषयमा गठबन्धन दलमा समेत छलफल नभएको जिकिर गर्दै बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकतामा भूमिसुधार भन्ने शब्दसमेत नभएको बताए।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दा पार्टी, राजनीतिक दलबीच र प्रतिपक्षसँगसमेत छलफल गरी सुझाव लिन उनले आग्रह गरे। उनले संविधानको रक्षाका लागि प्रतिगामीविरुद्ध गम्भीर ढङ्गबाट अघि बढ्नु जरुरी रहेको औंल्याए।

लोकतान्त्रिक समाजवादी पार्टीका सांसद उमाशङ्कर अरगरियाले कृषिप्रधान देश भनेर किताबमा पढेको तर किसानले मल बीउसमेत पाउन नसक्नु विडम्बना हो भने।

"जब कृषि क्रान्ति हुँदैन, तबसम्म देशको विकास सम्भव छैन," उनले अर्थमन्त्री जनार्दन शर्मालाई सङ्केत गर्दै भने, "कृषि विकासका लागि एउटा योजना अघि बढाउनुहोस्।"

उनले बेरोजगारी समस्या समाधान गर्न पनि आग्रह गरे। बीस वर्ष पहिले नेपालको धान, चामल भारतमा बेचेको स्मरण गर्दै उनले अहिले अर्बौंको चामल ल्याउनुपरिरहेकोप्रति चिन्ता प्रकट गरे।

(बाँकी चौथो पातामा)

## ४८५ स्थानीय तह...

छन्।

मतगणना भइरहेका स्थानीय तहका वडाध्यक्षमा काङ्ग्रेसले दुई हजार ८० मा जीत हासिल गरी ६१ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ६०९ मा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले वडाध्यक्षमा ८७९ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जीत र १२ मा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ४३७ स्थानमा विजय हासिल गरी १२ स्थानमा अग्रता कायम गरेका छन्।

महिला सदस्यमा काङ्ग्रेसले दुई हजार ४६ मा जीत हासिल गरी ५९ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ७४५ स्थानमा जीत हासिल गरी ८३ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले महिला सदस्यमा ८१८ स्थानमा जीत र १५ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १७० स्थानमा जीत र १२ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३९२ स्थानमा विजय हासिल गरी नौ स्थानमा अग्रता कायम गरेका छन्।

दलित महिला सदस्यमा काङ्ग्रेसले एक हजार ९८२ मा जीत हासिल गरी ६३ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले एक हजार ७२७ स्थानमा जीत हासिल गरी ७९ स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले दलित महिला सदस्यमा ८२५ स्थानमा जीत र १४ स्थानमा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा १६९ स्थानमा जीत र १४ स्थानमा अग्रता कायम गरेको छ। अन्यले ३७९ स्थानमा विजय हासिल गरी सात स्थानमा अग्रता कायम गरेका छन्।

यस्तै, वडा सदस्यमा काङ्ग्रेसले चार हजार १११ मा जीत हासिल गरी ६६ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले तीन हजार ५४५ स्थानमा जीत हासिल गरी ८६ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले वडा सदस्यमा एक हजार ५१८ स्थानमा जीत र १५ मा अग्रता कायम गरेको छ। जनता समाजवादी पार्टी नेपालले सो पदमा ३३९ स्थानमा जीत र १३ स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले ८०४ स्थानमा विजय हासिल गरी पाँच स्थानमा अग्रता कायम गरेका छन्। विसं २०७४ मा पहिलो चरणमा भएको स्थानीय तहको निर्वाचनका आधारमा यही जेठ ५ गते स्थानीय सरकारका जनप्रतिनिधिको कार्यकाल सकिँदैछ।



**मकै गोड्दै किसान** : गुल्मीको धुर्कोट गाउँपालिका-४ जैसीथोकमा मकै गोड्दै किसान। तस्वीरः रासस

# मतगणना कार्य थप प्रभावकारी बनाउन आयोगको निर्देशन

काठमाडौं, ४ जेठ/रासस

निर्वाचन आयोगले मतगणना कार्य शुरू भएको बढीमा पाँच दिनभित्र



तस्वीरः फाइल

मतगणना कार्य सम्पन्न गर्न/गराउन निर्देश गरेको छ।

मतगणना कार्यमा सानातिना विषयलाई ठूलो मुद्दा बनाइ विवाद बल्झाउने, गणना कार्य सम्पन्न भई मुचुल्का उठाएर अन्तिम परिणाम घोषणा गर्ने समयमा पुनः गणना गराउन माग गर्नेजस्ता समस्या खडा गर्ने, गणना गर्दै जाँदा मतगणनाको अन्तिम चरणमा पुग्दा झिनो मतान्तर देखिएमा शुरूदेखि नै पुनः मतगणना गराउन खोज्नेजस्ता कार्यबाट मतगणना यथासमयमा सम्पन्न गर्ने कार्यमा व्यवधान उत्पन्न हुने हुँदा त्यस प्रकारका व्यवहार प्रदर्शन नगर्न आयोगले आग्रह गरेको हो।

आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले आज विज्ञप्ति जारी गरी नेपालको संविधानबमोजिम विभिन्न तहका निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनको समग्र जिम्मेवारी निर्वाचन आयोगमा रहेको र आयोगले निर्वाचन सञ्चालनका सबै प्रक्रियामा आयोगको समग्र जिम्मेवारी रहेको प्रति कुनै द्विविधा नरहेको सन्दर्भमा केही सञ्चारमाध्यममा आएका अन्यथा अर्थ लाग्न सक्ने आशयको समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्। "निर्वाचन पद्धति र प्रक्रियामा भ्रम उत्पन्न हुने खालका समाचार सम्प्रेषण नगर्न नगराउन आयोग आग्रह गर्दछ। तोकिएको जिम्मेवारी समयमैं सम्पन्न गर्नका लागि चालिएका कदम उपर अन्यथा टीकाटिप्पणी गरी आयोगको गरिमा र निर्वाचन प्रक्रियाप्रति नै अविश्वास हुने गरी समाचार सम्प्रेषण नगर्न, नगराउन हुन आयोग सबैमा हार्दिक अनुरोध गर्दछ," विज्ञप्तिमा भनिएको छ, "यथासमयमा मतगणना सम्पन्न होस् भन्ने सबैको चाहनालाई विभिन्न मतगणनास्थलमा रहेका राजनीतिक दल, उम्मेदवार, प्रतिनिधि र कर्मचारी वर्गले यथार्थरूपमा ग्रहण गरी उक्त चाहनाबमोजिम छिटो कार्य सम्पादन गर्न आयोग अपील गर्दछ।"

मतदान सञ्चालनकै क्रममा केही पालिकाका केही केन्द्रमा अनपेक्षित अवस्था सिर्जना भई मतदान स्थगन भएकामा त्यस उपरान्त विभिन्न मितिमा मतदान कार्य सम्पन्न हुँदै गइरहेको छ। वैशाख ३० गते निर्वाचन सम्पन्न भएका पालिकाको मतगणना कार्य प्रारम्भ भई आज मध्याह्नसम्म पालिकाको अन्तिम परिणाम अनुसार प्राप्त भइसकेको र अन्यको परिणाम धमाधम आइरहेको छ। परिणाम आउन बाँकी पालिकामा मतगणना कार्य २०७९ जेठ ५ गतेसम्म सम्पन्न गर्न आयोगका तर्फबाट अधिकतम प्रयास भइरहेको आयोगले जनाएको छ। धेरै मतगणना गर्नुपर्ने अवस्था रहेका महानगर र उपमहानगरपालिकाका हकमा बढीभन्दा बढी मतगणना टोली व्यवस्था गरी तोकिएको समयभित्र मतगणना कार्य सम्पन्न गर्नका लागि यसअघि नै आयोगबाट भएको निर्देशनलाई स्मरण गराउँदै आयोगले विभिन्न कारणबाट मतदान स्थगन भएका पालिकाको हकमा मतदान सम्पन्न भएकै दिन मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भइसकेपछि यथाशीघ्र गणना प्रारम्भ गरी बढीमा पाँच दिनभित्र मतगणना कार्य सम्पन्न गर्न गराउन भनिएको छ।

आयोगको संवैधानिक जिम्मेवारी एवं निष्पक्ष, विश्वसनीय र मितव्ययीरूपमा निर्वाचन सम्पन्न गराउने दायित्व र जिम्मेवारीलाई पूर्णरूपमा सफल पार्नका लागि सबै राजनीतिक दल, उम्मेदवार, आम सञ्चारजगत्, नागरिक समाजलगायत सबै सरोकारवालाको उत्तिकै साथ र सहयोग अपरिहार्य रहेको विज्ञप्तिमा जनाइएको छ। साथै विज्ञप्तिमा विद्यमान कानूनी व्यवस्थाबमोजिम बहालवाला स्थानीय जनप्रतिनिधिको पदावधि यही जेठ ५ गतेसम्म रहेको र तत्पश्चात स्थानीय सरकारमा जनप्रतिनिधिविहीनता हुने अवस्थालाई मध्यनजर गरी जेठ ५ गतेभित्र नै मतगणना सम्पन्न गरी यथाशीघ्र परिणाम प्रकाशन गरी निर्वाचित जनप्रतिनिधिलाई तत्काल कार्यभार सम्हाल्ने अवस्था निर्माण गर्न सम्भव तुल्याउने मनसायले आयोगबाट निर्देशन भएको उल्लेख गरिएको छ।

# ४८५ स्थानीय तहको परिणाम सार्वजनिक काङ्ग्रेसको अग्रता

काठमाडौं, ४ जेठ/रासस

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को जारी मतगणनाको परिणाम आउने क्रम जारी छ। बुधवार साँझ ८ बजेसम्म निर्वाचन आयोगको प्रणालीमा प्रविष्टि भए अनुसार ४८५ स्थानीय तहको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ।


तस्वीरः रासस



मुलुकभर ७५३ पालिकाका लागि ३५ हजार २२१ पद छन्। गत वैशाख ३० गते भएको निर्वाचनमा स्थगन भएका १७ जिल्लाका २८ स्थानीय तहका ४४ मतदानस्थलबाहेकका मतपरिणाम प्राप्त भइरहेका छन्। मतगणना भइरहेका नगरपालिकामध्ये प्रमुख पदमा नेपाली काङ्ग्रेसले ६८ मा जीत हासिल गरी ७४ स्थानमा अग्रता कायम गरेको छ। सो पदमा नेकपा (एमाले)ले ३८ स्थानमा जीत हासिल गरी ३९ स्थानमा अग्रता कायम गरेको छ।

यस्तै, नेकपा (माओवादी केन्द्र)ले प्रमुख पदमा १४ स्थानमा जीत र नौ स्थानमा अग्रता कायम गरेको छ। नेकपा (एकीकृत समाजवादी)ले सो पदमा तीन स्थानमा जीत र आठ स्थानमा अग्रता कायम गरेको छ। स्वतन्त्रसहित अन्यले सात स्थानमा विजय हासिल गरी २६ स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका नगरपालिकामध्ये उपप्रमुख पदमा काङ्ग्रेसले ५७ स्थानमा जीत हासिल गरी ४० स्थानमा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ४५ स्थानमा जीत हासिल गरी ६० स्थानमा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले उपप्रमुख पदमा २१ स्थानमा जीत र ११ स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले सो पदमा पाँच स्थानमा जीत र चारमा अग्रता कायम गरेको छ। अन्यले तीन स्थानमा विजय हासिल गरी २० स्थानमा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका गाउँपालिकाको अध्यक्ष पदमा काङ्ग्रेसले १५० स्थानमा जीत हासिल गरी २९ मा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ९९ स्थानमा जीत हासिल गरी २५ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले अध्यक्ष पदमा ८१ स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ भने एकीकृत समाजवादीले १० स्थानमा जीत र १० स्थानमा अग्रता कायम गरेको छ। अन्यले १५ स्थानमा विजय हासिल गरी १२ मा अग्रता कायम गरेका छन्।

मतगणना भइरहेका गाउँपालिकाको उपाध्यक्ष पदमा काङ्ग्रेसले १४५ स्थानमा जीत हासिल गरी ३४ मा अग्रता कायम गरेको छ। सो पदमा एमालेले ९७ स्थानमा जीत हासिल गरी २७ मा अग्रता कायम गरेको छ। माओवादी केन्द्रले उपाध्यक्षमा ८१ स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ। एकीकृत समाजवादीले १० स्थानमा जीत र सात स्थानमा अग्रता कायम गरेको छ। अन्यले १३ स्थानमा विजय हासिल गरी ११ स्थानमा अग्रता कायम गरेका

(बाँकी तेस्रो पातामा)

# स्वास्थ्यकर्मीलाई कुटपिट गरे तीन वर्ष कैद वा तीन लाख जरिवाना

काठमाडौं, ४ जेठ/रासस

स्वास्थ्य उपचारको विषयलाई लिएर स्वास्थ्यकर्मी तथा कर्मचारीलाई कुटपिट


बुधवार बसेको प्रतिनिधिसभाको बैठक। तस्वीरः रासस

गरेमा तीन वर्ष जेल वा रु तीन लाख जरिवानाको व्यवस्था गरिएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले मङ्गलवार सङ्घीय संसद्को प्रतिनिधिसभामा पेश गरेको "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७९" मा उपचारको विषयलाई लिएर चिकित्सक वा स्वास्थ्यकर्मी वा कर्मचारीलाई कुटपिट गरेमा तीन वर्ष कैद वा तीन लाख जरिवानाको व्यवस्था गरिएको छ।

अध्यादेशमा स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानिनोक्सानी पुऱ्याए तथा स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्न वा शारीरिकरूपमा चोट पुऱ्याउने काम गरेमा तीन वर्ष कैद वा तीन लाख जरिवाना उल्लेख गरिएको छ। यस्तै, स्वास्थ्य संस्थामा आगजनी गरेमा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा रु दुई लाखदेखि पाँच लाख जरिवाना अध्यादेशमा तोकिएको छ।

स्वास्थ्य संस्थामा तालाबन्दी गर्न वा घेराउ गरेमा, स्वास्थ्य संस्थामा उपचारका लागि आएका वा उपचाररत बिरामीको उपचार गर्ने कार्यमा कुनै किसिमको बाधा पुऱ्याएमा वा स्वास्थ्यकर्मी तथा कर्मचारीलाई हातपात गर्न, कुनै किसिमको धम्की दिन, गालीगलौज गर्न वा अभद्र वा अपमानजनक व्यवहार गरे एक वर्ष कैद वा रु एक लाख जरिवानाको अध्यादेशमा व्यवस्था गरिएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले वैशाख २५ गते प्रमाणीकरण गरेको अध्यादेश मङ्गलवार स्वास्थ्यमन्त्री खतिवडाले प्रतिनिधिसभामा पेश गरेका हुन्। राष्ट्रपतिले जारी गरेको उक्त अध्यादेश राजपत्रमा पनि प्रकाशित भइसकेको छ। उपचारका क्रममा बिरामीको मृत्यु भएपछि मृतकका आफन्तले स्वास्थ्यकर्मीमाथि हातपात तथा कुटपिट गर्ने, स्वास्थ्य संस्थामा आगजनी गर्ने जस्ता गतिविधि हुन थालेपछि सरकारले त्यसलाई नियन्त्रण गर्न सो कानून ल्याएको हो।


**पौडी खेल्दै बालबालिका** : बैतडीको सिमारका बालबालिका चमेलिया नदीमा पौडी खेल्दै। तस्वीरः रासस

## प्रतिनिधिसभा : आर्थिक विकास....

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का सांसद खगराज अधिकारीले सरकारले व्यापार घाटालाई बढाएर परनिर्भर भएको बताउनुभयो। प्राथमिकता र सिद्धान्त आफौ अलमलमा रहेको उहाले औल्याउनुभयो।

उहाले बजेटमा प्राथमिकता दिदा आ□नै विशेषता रहेको पर्यटन र संस्कृतिलाई राष्ट्रिय पूाजीमा परिणत गर्नुपर्नेमा जोड दिनुभयो। सांसद अधिकारीले समन्वयायिक सिद्धान्तका आधारमा अघि बढ्नसके मात्रै समाजवाद निर्माण गर्न सकिने बताउनुभयो।

उहाले जलस्रोत, उद्योगलगायत क्षेत्रमा राष्ट्रिय सहमति नबनाई अघि बढेमा मुलुकले नै बदनामी कमाउने बताउनुभयो। स्थानीय विकास पूर्वाधार कार्यक्रममा छलफल जरूरी रहेको उहाको भनाइ थियो।

नेपाली कांग्रेसका डिला स□ौलाले गरिब नागरिकको जीवनमाथि उठाउने खालको बजेट आवश्यक भएको बताउनुभयो। नेकपा (माओावदी केन□) का धर्मशिला चापागाईंले सांसदहरूले जतिसुकै प्राथमिकताका विषयमा जोड दिए पनि परम्परागतरूपमा बजेट निर्माण भइरहेको बताउनुभयो। नयाा राज्यसत्ताको अभ्यास र अनूभूति दिन नसकिएको भन्दै उहाले त्यहीअनुसार सम्बोधन जरूरी रहेको बताउनुभयो।

यसअघि छलफलमा भाग लिादै पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का नेता झलनाथ खनाल, अर्का पूर्वप्रधानमन्त्री जनता समाजवादी पार्टी नेपालका स□ीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, नेकपा (एमाले) का नेता योगेशकुमार भट्टराईलगायतले धारणा राखनुभएको थियो। प्रतिनिधिसभाको अर्को बैठक बिहीबार अपराह्न १ बजे बस्नेछ।

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनका राष्ट्रपतिद्वारा जर्मनी र फ्रान्सका नेतासँग फोनवार्ता

किभ, ४ जेठ/सिन्ह्वा

युक्रेनका राष्ट्रपति भ्लाडोमिर जेलेन्स्कीले जर्मनी र फ्रान्सका नेताहरूसँग फोनवार्ता गरेको युक्रेनका राष्ट्रपतिको कार्यालयले मङ्गलवार जनाएको छ । मङ्गलवार उनले जर्मन चान्सलर ओलफ स्कोल्ज र फ्रान्सेली राष्ट्रपति इमानुयल म्याक्रोंसँग फोनवार्ता गरेका हुन् ।

फोनमा उनले पछिल्लो समयमा युक्रेनको अवस्थाबारे कुराकानी गरेका थिए ।

उनले सो अवसरमा रूसमाथि थप नाकाबन्दी लगाउन जर्मनी र फ्रान्सका नेताहरू समक्ष आग्रह पनि गरेका थिए । जर्मन र फ्रान्सेली नेताहरूले युक्रेनका राष्ट्रपति जेलेन्स्कीलाई रूसमाथि थप नाकाबन्दीबारे सोचिरहेको र थप नाकाबन्दी लगाउने बताएका थिए ।


युक्रेनका राष्ट्रपति भ्लाडोमिर जेलेन्स्की ।

उनीहरूले युक्रेनलाई थप सहयोगका लागि पनि आश्वासन दिएको प्राप्त समाचारमा जनाइएको छ । रूसले युक्रेनमा गरेको सैन्य हमलापछि हाल युक्रेन द्वन्द्वमा परेको छ । यहाँका नागरिकलाई थप मानवीय सहायताका साथै रूसविरुद्ध चाल्नुपर्ने कदमबारे उनीहरूबीच कुराकानी भएको बताइएको छ । रासस

## अमेरिकाका एक करोड ३२ लाख बालबालिका कोभिडबाट सङ्क्रमित

लस एन्जल्स, ४ जेठ/सिन्ह्वा

अमेरिकामा करीब एक करोड ३२ लाख बालबालिका कोभिड-१९ बाट बालबालिका कोभिडबाट प्रभावित भएको बताइएको छ। 'अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्स'को पछिल्लो तथ्याङ्क अनुसार पाइएको छ ।

यहाँ पछिल्लो समय बालबालिकामा कोभिड सङ्क्रमण बढ्दो देखिएको छ।


तस्वीरः फाइल

सङ्क्रमित भएका छन् । यहाँ महामारी शुरू भएदेखियता एक करोड ३२ लाख यहाँका एक करोड ३२ लाख बालबालिका कोभिड-१९ बाट सङ्क्रमित भएको जस अनुसार गएको मे १२ सम्मको पछिल्लो हप्तामा मात्र ९३ हजार बालबालिकामा सङ्क्रमण भेटिएको छ। पछिल्लो चार हप्तामा मात्र कम्तीमा दुई लाख ४६ हजार बालबालिकामा कोभिड सङ्क्रमण बढेको देखिएको छ। अमेरिकन एकेडेमी अफ पेडियाट्रिक्सले पछिल्ला हप्तामा बालबालिकामा कोभिड सङ्क्रमण बढ्दै गएको पाइएको बताएको छ ।

सो संस्थाले सन् २०२२ मा ५३ बालबालिकामा कोभिड सङ्क्रमण देखिएको जनाएको छ । अमेरिकी सरकारले बालबालिकामा देखिएको कोभिड सङ्क्रमण कम गर्न विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको छ । रासस

## भारतीय काङ्ग्रेसको गुजरात प्रदेश अध्यक्ष पटेलद्वारा पार्टी परित्याग

अहमदाबाद, ४ जेठ/एएनआई

भारतीय राष्ट्रिय काङ्ग्रेसको गुजरात प्रदेश अध्यक्ष हार्दिक पटेलले पार्टी सबै सहकर्मी, समकक्षी, शुभेच्छुक र गुजरातका जनता खुशी हुने र स्वागत गर्ने विश्वास पनि व्यक्त गरेका छन् ।



परित्याग गरेका छन् । पार्टीको प्रदेश नेतृत्वप्रति केही समयदेखि असन्तुष्टि व्यक्त गर्दै आएका पटेलले बुधवार पार्टीको जिम्मेवारीबाट राजीनामा दिएका हुन् ।

उनले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नुभएको छ–"मैले आज पार्टीको गुजरात प्रदेश कार्य समितिको अध्यक्ष र साधारण सदस्यबाट राजीनामा दिएको छु ।□उनले आफ्नो निर्णयबाट आफ्ना

उनको निर्णयबाट पार्टीका पूर्व अध्यक्ष राहुल गाँधीले दुःख व्यक्त गरेका छन् । उनले पार्टी र पद परित्याग गर्ने निर्णय फिर्ता लिएर पार्टीमैं रहन पटेललाई आग्रह गरेका छन्। उनले पार्टीका इन्चार्ज र अरू नेताहरूलाई पनि पटेलसँग छलफल गरेर उनका असन्तुष्टिहरू सम्बोधन गर्न र विमति न्यूनीकरण गरी विवाद अन्त्य गर्न निर्देशन दिएका छन् । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अस्वस्थता | वृष – रोगभय |
| मिथुन – यात्रालाभ | कर्कट – कडापरिश्रम |
| सिंह – कार्यनाश | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनखति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

स्वरोजगार बनौं,
गरीबी हटाऔं ।
वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहृन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## जगरनाथपुरमा मतगणना सुचारु, वडाध्यक्षमा नेका विजयी

प्रस, सेढवा, ४ जेठ/

जगरनाथपुर गाउँपालिकाको मतगणना बुधवार दिउँसो १ बजेदेखि पुनः सुचारु गरिएको छ ।


पत्रकार सम्मेलनमा जगरनाथपुर गापाका निवर्तमान अध्यक्ष एमालेका नेता जालिम मियाँ । तस्वीरः प्रतीक

रोकिएको मतगणना सुचारु गर्न निर्वाचन आयोगका उपसचिव ऋषिराम भुसालले निर्वाचन अधिकृतको कार्यालय जगरनाथपुर गापालाई पत्राचार गरेपछि बुधवार बिहानदेखि मतगणना शुरू भएको हो। हिजो जगरनाथपुर गापामा एमालेले मतगणना बहिष्कार गरेपछि मतगणना रोकिएको थियो ।

निर्वाचन आयोगले मतदान अधिकृतको हस्ताक्षर नभएको मतपत्र बदर गरी मतगणना कार्य सुचारु गर्न निर्देशन दिएको निर्वाचन अधिकृत चिन्तामणि शर्माले बताए ।

निर्वाचन अयोगले मतपत्रमा हस्ताक्षर नगरी मतपत्र वितरण गर्ने सम्बन्धित मतदान अधिकृतलाई विभागीय कारबाहीका लागि सिफारिश गर्न पनि निर्देशन दिएको उनले जनाए ।

एमालेले मतगणनाका क्रममा मतपत्रमा काङ्ग्रेसको रूख चिह्न्मा मात्र स्वस्तिक छाप लगाएको र मतदान अधिकृतको हस्ताक्षर नै नभएको मतपत्र भेटिएको भन्दै हिजो अपराह्नदेखि मतगणना बहिष्कार गरेको थियो ।

सो गापाका निवर्तमान अध्यक्ष एमालेका नेता जालिम मियाँले बुधवार बिहान नेपाल पत्रकार महासङ्घ पर्साको सभाकक्षमा पत्रकार सम्मेलन गरी मतदानको बेलामा काङ्ग्रेसले धाँधली गरेको र सो कुरा मतगणनाको क्रममा प्रमाणित भएको दाबी गरे । उनले मतदानको क्रममा भएका त्रुटि मतगणनाको क्रममा झाङ्गिएको र सो सम्बन्धमा छानबीन नभएसम्म मतगणना बहिष्कार गर्ने चेतावनी दिए। मियाँ अहिले सो गापाको कुनै पदमा उम्मेदवार भने छैनन्। छवटा वडा रहेको जगरनाथपुर गापामा वडा नं १ र २ को परिणाम घोषणा भइसकेको छ र दुवै वडामा नेकाका वडाध्यक्ष विजयी भएका छन्।

आज दिउँसो १ बजेदेखि मतगणना शुरू भएको छ र बुधवार वडा नं ३ को अध्यक्षमा नेपाली काङ्ग्रेसबाटै सुवास यादव विजयी घोषित भएका छन्।

## जसबाट हारेका थिए उसैलाई भारी मतले हराए शम्भु साहले

प्रस, गरुडा, ४ जेठ/

रौतहटको सदरमुकाम गौर नगरपालिकामा शम्भु साह कानू नगरप्रमुख पदमा निर्वाचित भएका छन्।

२०७४ को स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट नगरप्रमुख पदमा अजय गुप्तासित दुई हजारभन्दा बढी मतले पराजित भएका शम्भु साह कानू यसपटक दुई हजार ६०० भन्दा बढी मतले उनै गुप्तालाई हराएका छन् ।

रौतहट जिल्लाको सदरमुकाम र माधवकुमार नेपालको गृहनगर गौर नगरपालिकामा नेकपा एकीकृत समाजवादीको वर्चस्व कायम भएको छ। पूर्वप्रधानमन्त्री तथा नेकपा एसका राष्ट्रिय अध्यक्ष माधवकुमार नेपालको निकट मानिने शम्भु साह कानू गत निर्वाचनमा जसपाबाट पराजित भएका थिए। जति धेरै मतले पराजित भएका थिए, त्यसभन्दा धेरै मतले पराजित गरेका छन् ।

गौर नगरपालिकाको प्रमुखमा निर्वाचित शम्भु साह कानूले छ हजार ३८१ मत प्राप्त गरेका छन् भने निकटतम प्रतिद्वन्द्वी लोसपा नेपालका अजयकुमार गुप्ताले तीन हजार ७५५ मत प्राप्त गरेका छन् ।

यसैगरी, उपप्रमुखमा नेकपा एसकै शैलकुमारीले चार हजार ८०९ मत प्राप्त गरी जितेकी छन् भने निकटतम प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसकी डा शहनाज खातुनले तीन हजार ६८५ मत प्राप्त गरेकी छन्।

नेकपा एसले गौर नगरपालिकाको वडा नं १, २, ३, ४, ६ र ९ मा वडाध्यक्षसहित सम्पूर्ण प्यानल जितेको छ भने वडा नं ८ को अध्यक्षमा नेपाली काङ्ग्रेसका जनार्दन साह निर्वाचित भए पनि चारवटै सदस्यमा नेकपा एसले जीत निकालेको छ। गौर नगरपालिकाको वडा नं ५ मा स्वतन्त्र उम्मेदवार शिवशङ्कर यादव र वडा नं ७ मा लोसपा नेपालका हरिशङ्कर पाण्डेय विजयी भएका छन्।

यसअघि, लोसपा नेपालको प्रमुख रहेको गौरमा लोसपा एउटा वडामा सीमित हुन पुगेको थियो ।


शम्भुसाह कानू

निरन्तर समाजसेवामा सक्रिय रहेका मेयरमा निर्वाचित शम्भु साह कानुले सदरमुकाम गौरको मुहार परिवर्तन गर्ने अपेक्षा सर्वसाधारणले गरेका छन् । अत्यन्त सहज जित हासिल गरेका कानुलाई सबैतिरबाट बधाई प्राप्त भइरहेको छ ।

## राजदेवी नपा प्रमुख, उपप्रमुखमा नेकपा (एस) का उम्मेदवार विजयी

प्रस, रौतहट, ४ जेठ/

राजदेवी नगरपालिकामा नेकपा एकीकृत समाजवादी पार्टीबाट प्रमुख, उपप्रमुखलगायत बहुमत वडाध्यक्ष निर्वाचित भएका छन् ।

राजदेवी नपाको प्रमुखमा नेकपा एसका भिखारीप्रसाद यादव विजयी भएका छन्। यादवले छ हजार ३८१ मत प्राप्त गरी विजयी भएका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका उम्मेदवार धीरेन्द्रकुमार सिंहले तीन हजार ७१७ मत प्राप्त गरेको निर्वाचन कार्यालय, रौतहटले जनाएको छ ।

उपप्रमुखमा नेकपा एकीकृत समाजवादी पार्टीका राजकुमारी देवी विजयी भएकी छन् । उनले छ हजार १६४ मत प्राप्त गरी विजयी भएकी हुन्। उनकी निकटतम प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसकी अर्चनाकुमारी यादवले तीन हजार ४९ मत प्राप्त गरिन् ।

१–९ सम्मका वडाध्यक्षहरूमा वडा नं २ र ९ मा नेपाली काङ्ग्रेसका सनुप महतो र महेन्द्र दासबाहेक सातवटा वडामा नेकपा एकीकृत समाजवादी पार्टीका नरेशप्रसाद यादव, नेकपा एकीकृत समाजवादी पार्टीका रामरूप राउत, शम्भुप्रसाद साह, सुरेश पडित कुम्हार, विश्वनाथ साह, विजयशङ्करप्रसाद यादव, रामईश्वर राय वडाध्यक्षमा विजयी भएका छन् ।


भिखारीप्रसाद यादव

## दुर्गाभगवती गापा अध्यक्षमा माओवादी सिंह विजयी

प्रस, रौतहट, ४ जेठ/

दुर्गाभगवती गाउँपालिकामा नेकपा माओवादी केन्द्रका उम्मेदवार शम्भुकुमार सिंह अध्यक्षमा निर्वाचित भएका छन् । उनले चार हजार २०४ मत प्राप्त गरी विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसका अरुणकुमार साहले दुई हजार ९८२ मत प्राप्त गरे ।

यसैगरी, उपाध्यक्षमा पनि नेकपा माओवादी केन्द्रकी शिला देवी विजयी भइन्। उनले दुई हजार ६७९ मत प्राप्त गरिन् भने निकटतम प्रतिद्वन्द्वी नेकाका मञ्जु देवीले दुई हजार ३५७ मत प्राप्त

(बाँकी अन्तिम पातामा)



# मौलापुरमा साह निर्वाचित पक्का, परोहामा शेख वकील निर्वाचित

प्रस, रौतहट, ४ जेठ/

मौलापुर नगरपालिकामा नेकपा एमालेका उम्मेदवार रीनाकुमारी साहले



रीनाकुमारी साह

पाँच हजार ३६ मत प्राप्त गरी अग्रस्थानमा छिन् र उनको जीत लगभग पक्कापक्की नै भएको छ।

वडा नं १ देखि ८ सम्म मतगणनाको परिणाम अनुसार नेकपा एमालेका उम्मेदवार साहले पाँच हजार ३५ मत प्राप्त गरेकी छन् भने उनको प्रतिद्वन्द्वी गठबन्धनका उम्मेदवार रामप्रवेश राय यादवले दुई हजार ८२२ मत प्राप्त गरेका छन्।

यसैगरी, उपप्रमुख पदमा एमालेका उम्मेदवार नागेन्द्रप्रसाद साहले चार हजार ५०२ मत प्राप्त गरी अग्रस्थानमा छन् भने गठबन्धनका उम्मेदवार रीनाकुमारी साहले तीन हजार १७७ मत प्राप्त गरेकी छन्।

वडा नं १ मा माओवादीका उम्मेदवार जयनाथ कुशवाहा ८२८ मत प्राप्त गरी निर्वाचित भएका छन् भने एमालेका उम्मेदवार बैधनाथप्रसाद साह पराजित भएका छन्।

वडा नं २ मा एमालेका उम्मेदवार श्री भगवान राउतले ४८० मत प्राप्त गरी निर्वाचित भएका छन्। माओवादीका उम्मेदवार सोनेलाल राउतले ४५२ मत प्राप्त गरेका छन्।

वडा नं ३ मा एमाले उम्मेदवार महेश महतो कोइरी ४१२ मत प्राप्त गरी विजय भएका छन्। वडा नं ४ मा एमालेका उम्मेदवार वीरबहादुर शाहले ४२६ मत प्राप्त गरी विजय भएका छन्।

एमालेका उम्मेदवार वडा नं ५ मा चन्द्रशेखरप्रसाद शाह विजय भएका हुन्। एसका उम्मेदवार वडा नं ६ मा ईश्वर दयालप्रसाद यादव ६१६ मत प्राप्त गरी निर्वाचित भएका छन्। वडा नं ७ का एमाले उम्मेदवार रामपुकार साहले ४८४ मत प्राप्त गरी विजय भएको भने वडा नं ९ मा श्यामकिशोर साहले ४०५ मत प्राप्त गरी विजय भएको निर्वाचन कार्यालय रौतहटले जनाएको छ।

यसैगरी, परोहा नगरपालिकामा नेपाली काङ्ग्रेसको जिम्मेदवार शेख वकिलले छ हजार ८२३ मत प्राप्त गरी विजय भएका छन् भने निकटतम प्रतिद्वन्द्वी माओवादीका अरुणकुमार जयसवालले चार हजार ५८६ मत प्राप्त गरी पराजित भएका छन्।

उमप्रमुखमा नेकाका सुगान्धी देवीले छ हजार १६५ मत प्राप्त गरी विजय भएकी छन् भने निकटतम प्रतिद्वन्द्वी माओवादीका विणा कुमारीले चार हजार ३५५ मत प्राप्त गरी पराजित भएका हुन्। वडा नं १,२,३,४,८ मा नेकाका उम्मेदवार शेख समीउल्लाह , सेराजुद्दीन, महेश सिंह, जवाहर लालराय यादव,खेदू मुखिया निर्वाचित भएका छन्। वडा नं



शेख वकिल

५ माओवादी उम्मेदवार महम्मद समिम अन्सारी, वडा नं ६ मा एसका रामविलास प्रसाद जवार, वडा नं ७ मा माओवादीका नागेन्द्र प्रसाद, वडा नं १ मा एमालेका मो कफिल अजुज निर्वाचित भएका छन्।

# पकहामैनपुरमा काङ्ग्रेसको वर्चस्व कायम

प्रस, पोखरिया, ४ जेठ/

पकाहामैनपुर गाउँपालिकामा नेपाली काङ्ग्रेसको प्यानल विजयी भएको छ। अधिकृतको कार्यालय पकाहामैनपुरले जनाएको छ। खुला र महिला सदस्यमा जसपाका उम्मेदवार विजयी भएका छन्।





बुधवार साँझ सम्पन्न गापाको मतगणना परिणाम अनुसार अध्यक्ष, उपाध्यक्ष र पाँचवटै वडामा नेपाली काङ्ग्रेसका उम्मेदवार विजयी भएका छन्।

गापाका दुईजना खुला सदस्य र एकजना दलित महिला सदस्यबाहेक सम्पूर्ण सिटमा नेपाली काङ्ग्रेसका उम्मेदवार निर्वाचित भएको निर्वाचन अध्यक्षमा सुरेशप्रसाद मेहता निर्वाचित भएका छन्। निकटतम प्रतिद्वन्द्वी जसपाका उम्मेदवार एवं निवर्तमान अध्यक्ष विजयकुमार चौरसियालाई दुई हजार १५६ मतको फराकिलो अन्तरले पराजित गर्दै मेहता अध्यक्षमा निर्वाचित भएको निर्वाचन अधिकृत कृष्णाप्रसाद देवकोटाले बताए।

मेहताले चार हजार ६८५ मत र चौरसियाले दुई हजार ५२९ ल्याए। उपाध्यक्षमा काङ्ग्रेसकी सरफुन नेशा निर्वाचित भएकी छन्। निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेकी निर्मलाकुमारी चौरसियालाई दुई हजार २६९ मतान्तरले पराजित गर्दै नेशा निर्वाचित भएको निर्वाचन अधिकृत देवकोटाले बताए।

नेशाले चार हजार १४१ मत ल्याएकी छन् भने चौरसियाले एक हजार ८७२ मत ल्याइन्। वडाध्यक्षहरूमा नेकाका क्रमशः विनोद मेहता, मुकुटप्रसाद चौहान, सञ्जयप्रसाद चौहान, ढेडीप्रसाद यादव बलिरामप्रसाद बरै निर्वाचित भएका छन्।

# छिपहरमाईमा एमालेको अग्रता

प्रस, भिस्वा, ५ जेठ/

छिपहरमाई गाउँपालिकामा मतगणना जारी छ। बुधवार जारी मतगणनामा अध्यक्षका उम्मेदवार एमालेका मनोज गुप्ताले दुई हजार ८१२ मत र उपाध्यक्षमा मोदिना खातुनले दुई हजार ४०५ मत ल्याएका छन्। अध्यक्षमा नेपाली काङ्ग्रेसका नवीन सिंहले दुई हजार १९६ र उपप्रमुखको उम्मेदवार लीलावती देवीले दुई हजार २३१ मत पाएकी छन्।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**बालविवाह सामाजिक र कानूनी अपराध हो**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# खेलकूदको संसार

## नेपाल टी–ट्वान्टी लिगको आधिकारिक घोषणा

काठमाडौं, ४ जेठ/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा हुने पहिलो संस्करणको नेपाल टी–ट्वान्टी लिग आगामी असोज दोस्रो सातादेखि हुने भएको छ।

युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराजले उक्त प्रतियोगिताको औपचारिक घोषणा क्यानद्वाराँ आयोजित पत्रकार सम्मेलनमा गरे। प्रतियोगिता आगामी असोज ८ देखि कात्तिक ५ गतेसम्म हुनेछ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने उक्त प्रतियोगितामा विभिन्न छ टोलीको सहभागिता रहने क्यानले जनाएको छ। क्यानले यसअघि नै प्रेस विज्ञप्तिमार्फत उक्त प्रतियोगिताको घोषणा गरे पनि मिति भने सार्वजनिक गर्न सकेको थिएन।

क्यानका अध्यक्ष चतुरबहादुर चन्दले नेपालको आधिकारिक टी ट्वान्टी लिगको औपचारिक घोषणा गर्न पाउँदा खुशी लागेको भन्दै उक्त प्रतियोगिताले पर्यटकीय र व्यावसायिक हिसाबबाट नेपाली क्रिकेटले फड्को मार्ने विश्वास व्यक्त गरे।

# निजगढ नगरपालिका एमालेको कब्जा

जीतलाल श्रेष्ठ, निजगढ, ४ जेठ/

निजगढ नगरपालिकाको प्रमुख र उपप्रमुखमा नेकपा एमालेका सुरथ पुरी र सोममाया थिङ विजयी भएका छन्।

बुधवार दिउँसो निजगढ नगरपालिकाको १३ वटै वडाको मतगणना सम्पन्न भएपछि निर्वाचन आयोगको कार्यालय निजगढले सूचना जारी गर्दै नगरप्रमुख र उपप्रमुखमा एमालेका पुरी र थिङ विजयी भएको जानकारी गराएको हो।



नगरप्रमुख र उपप्रमुखमा विजयी एमालेका सुरथ पुरी र सोनमाया थिङ्ग।

नगरप्रमुख पदमा विजयी एमालेका पुरीले नौ हजार ४७५ मत र उपप्रमुख थिङले आठ हजार ६५९ मत ल्याएको र उनीहरूका निकट्तम प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेसबाट नगरप्रमुख पदका उम्मेदवार निवर्तमान नगरप्रमुख सुरेशकुमार खनालले आठ हजार ८२३ मत र उपप्रमुखमा नेकपा माओवादी केन्द्रकी उम्मेदवार रविराज दङ्गालले आठ हजार ५१८ मत प्राप्त गरेका थिए। वडाध्यक्षहरूमा भने वडा नं १ मा नेकाको मङ्गले लोप्चन, वडा नं २ मा राजन श्रेष्ठ, वडा नं ३ मा गोकुल तिमल्सिना, वडा नं ४ मा विशन सापकोटा, वडा नं ५ मा सूर्यबहादुर थापा, वडा नं ६ मा घनश्याम तिमल्सिना, वडा नं ७ मा टेकबहादुर लामा, वडा नं ८ मा स्वर्णलामा, वडा नं ९ मा रामचन्द्र कटुवाल, वडा नं. १० मा आशाकाजी श्रेष्ठ, वडा नं. ११ मा सहैया गुरो, वडा नं. १२ मा ज्ञानबहादुर गोले, वडा नं. १३ मा सूर्य घलान विजयी भएका छन्। वडा नं. १, १२ र १३ मा वडाअध्यक्षहरू दोहरिएका छन् भने अन्य वडामा नयाँ अनुहार जितेका छन्।

# रौतहटका २४ मतदान केन्द्रको पुनः मतदान शान्तिपूर्ण

प्रस, गरुडा, ४ जेठ/

रौतहटका छ पालिकामा बुधवार रौतहटको गढीमाई, गरुडा, देवाही गोनाही, बौधीमाई र फतुवा विजयपुर जनाएका छन्।

मतदान गर्न बुधवार बिहानैदेखि बुथमा



बुधवार पुनः मतदानका लागि लामबद्ध स्थानीय। तस्वीरः प्रतीक

भएको पुनः मतदान शान्तिपूर्ण सम्पन्न भएको छ। गत वैशाख ३० मा भएको मतदानको क्रममा विभिन्न कारणले रौतहटका २४ मतदान केन्द्रको मतदान स्थगित भएकामा बुधवार शान्तिपूर्ण किसिमले पुनः मतदान भएको हो।

नगरपालिका र यमुनामाई गाउँपालिकाको २४ वटा मतदान केन्द्रमा गरी बुधवार सम्पन्न पुनः मतदानमा करीब ८० प्रतिशत मतदान भएको छ। पुनः मतदानको क्रममा कतै कुनै विवाद नभएको रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले जानकारी गराए।

सबै मतदान केन्द्र र वरिपरिका क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेना व्यापक मात्रामा परिचालन गरिएको थियो। रौतहटमा बुधवार भएको पुनः मतदानमा मतदाताहरूले व्यापक सहभागिता मतदाताहरू लाइनमा बसेका थिए। जिल्लाका सबै मतदान केन्द्रमा दिउँसो दुई बजेसम्म मतदान केन्द्रहरू खाली भइसकेका थिए। पुनः मतदान भएका स्थानहरूमा अत्यधिक मतदानका लागि सबै उम्मेदवारले सक्दो प्रयास गरेका थिए। उम्मेदवारहरूले आफ्नो पक्षका मतदातालाई मतदान केन्द्रसम्म पुग्न प्रोत्साहित गरेका थिए।

पुनः मतदान भएका पालिकाहरूको मत गणना हुन बाँकी छ। बुधवार रातिदेखि नै पुनः मतदान गरिएका पालिकाहरूको मतगणना हुने सम्भावना रहेको छ।

## दुर्गाभगवती गापा.....

गरेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। वडाध्यक्षहरूमा भने नेपाली काङ्ग्रेसबाट तीन र माओवादी केन्द्रबाट दुईजना विजयी भए।

वडा नं १ मा नेकाका प्रद्युमनकुमार चौधरी, वडा नं २ मा नेकाका सुरेश चौधरी, वडा नं ३ मा नेकपा माओवादी केन्द्रका धर्मेन्द्रकुमार झा, वडा नं ४ मा नेकपा माओवादी केन्द्रका रामानन्द प्रसाद र वडा नं ५ मा नेकाका धर्मनाथ चौधरी विजयी भएका छन्।

## धोबिनीमा गापा अध्यक्ष....

१४३ मत पाएर विजयी भएकी हुन् भने निकटतम प्रतिद्वन्द्वी जसपाकी प्रियङ्का देवीले दुई हजार ५७७ मत पाएकी थिइन्।

धोबिनी गापाका पाँचवटा वडामा क्रमशः नेकाका बन्धु साह तेली (५७४), जसपाका देवेन्द्रप्रसाद कुर्मी (८७५), नेकाका राजकिशोरप्रसाद कुर्मी (५७०), नेकाकै अब्बास मियाँ चुरिहार (७१०) र जसपाका मनवर अहमदले (८६०) मत ल्याएर अध्यक्षमा विजयी भएका छन्।